९. <u>नेपालबाट प्रस्थान गर्ने यात्रुसम्बन्धी व्यवस्था:</u> नेपालबाट विदेश प्रस्थान गर्ने यात्रुहरूको हकमा मान्यता प्राप्त प्रयोगशालाहरूबाट पछिल्लो ४८ घण्टाभित्रको वा गन्तव्य मुलुकको मापदण्डमा तोकिएबमोजिमको अवधिको कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्टको प्रमाण पेश गर्नुका साथै सीसीएमसीको वेबसाईटमा रहेको विदेश जाने व्यक्तिले भर्नुपर्ने International Online Departure Form अनिवार्य रूपमा भरेको हुनुपर्नेछ।

१०. <u>कारबाही हुने:</u> यस आदेशको उल्लङ्घन गर्ने कुनै व्यक्ति, संस्था, वायु सेवा वा निकायलाई कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ तथा अन्य प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

११. <u>यस आदेशबमोजिम हुने</u>: कोभिड- १९ को रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा यस आदेशमा लेखिएको विषयमा यसै आदेशबमोजिम र अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

१२. <u>आवश्यक व्यवस्था गर्न सक्ने:</u> यो मापदण्ड कार्यान्वयनका सम्बन्धमा थप स्पष्टता गर्नुपर्ने वा सहजीकरण गर्नुपर्ने भएमा सीसीएमसीले सोको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

१३. <u>खारेजी र बचाउ: (१)</u> विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिनसम्बन्धी आदेश, २०७७ खारेज गरिएको छ।

(२) विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिनसम्बन्धी आदेश, २०७७ बमोजिम भए गरेका काम कारबाहीहरू यसै आदेश बमोजिम भएको मानिनेछ।